# गोदावरी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बज्रबाराही, चापागाउँ, ललितपुर

३ नं. प्रदेश, नेपाल

## कार्यालय मालसामान कम्प्युटर तथा ईलेक्ट्रोनिक्स, फर्निचर फिक्चर, सरसफाई तथा किचेन, छपाई तथा स्टेशनरी सामानहरु सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६/०५/३१

यस कार्यालयको लागि आ.व. २०७६/०७७ मा आवश्यक पर्ने कार्यालय मालसामान कम्प्युटर तथा ईलेक्ट्रोनिक्स, फर्निचर फिक्चर, सरसफाई तथा किचेन, छपाई तथा स्टेशनरी सम्बन्धी मालसामानहरुको बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक मान्यता प्राप्त फर्महरुबाट यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, व्यवसाय दर्ताको इजाजतपत्र, मूल्य अभिवृद्धि कर र स्थायी लेखा नं. (प्यान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्रदाता फर्म/कम्पनीको Power Attorney letter समेत संलग्न राखी रु ३०००।- (फिर्ता नहुने गरी) नगदै तिरी यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन कार्यालय समय भित्र जिन्सी शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२ बजे भित्र बोलपत्र फारम दर्ता हुने र सोही दिन दिनको २ बजे यस कार्यालयमा खोलिने छ । अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क गरी तथा कार्यालयको वेभसाईट www.godawarimunlalitpur.gov.np मा हेर्न सकिनेछ ।